**गण्डकी विश्वविद्यालय**

जनशक्ति व्यवस्थापन समितिको कार्यालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

# शैक्षिक पदपूर्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/२३**

गण्डकी विश्वविद्यालय पोखराका लागि तपसिलमा उल्लेखित शैक्षिक पदहरुमा खुला प्रतियोगिताद्वारा चार वर्षे करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट प्रथम पटक प्रकाशित मिति देखि २१ दिन भित्र र नियमानुसार दोब्बर दस्तुर तिरी ७ दिनसम्ममा कार्यालय समय भित्र विश्वविद्यालयको कार्यालय मुस्ताङ्गचोक, पोखरामा आइपुग्ने गरी दरखास्त आह्वान गरिन्छ। आवेदन फारम विश्वविद्यालयको वेबसाइटवाट डाउनलोड गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारम उपर कुनै कारवाही हुने छैन। आवेदन फारमका साथ दरखास्त दस्तुर गण्डकी विश्वविद्यालयको एनएमवि बैक लिमिटेड (NMB BANK LIMITED) अमरसिंह चोक पोखरामा रहेको खाता नं. १२४०१४४४२४१०००१६ (GANDAKI UNIVERSITY AAYA KHATA ) मा जम्मा गरेको सक्कल भौचर र निम्न लिखित कागजातहरुको प्रमाणित प्रतिलिपिहरु सहित आवेदन फाराम पेश गर्नु पर्नेछ।

व्यक्तिगत विवरण (Bio-data); शैक्षिक योग्यताको प्रमाण-पत्र र लब्धाङ्कपत्रहरुको प्रतिलिपि; नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि; हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति; अनुभवको प्रमाण पत्र; प्रकाशित अनुसन्धानात्मक कृति र अन्य प्रकाशनहरु।

**तपसिलः**

**शैक्षिक पदहरुः**

| क्र.सं | विज्ञापन नं. | पद | विषय | संख्या | परीक्षाको किसिम | दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | २२/०८०/०८१ | उप-प्राध्यापक | सूचना प्रविधि (IT) | २ | लिखित र अन्तरवार्ता | रु ८००/ |
| २ | २३/०८०/०८१ | उप-प्राध्यापक | कानुन (Law) | २ | लिखित र अन्तरवार्ता | रु ८००/ |
| ३ | २४/०८०/०८१ | उप-प्राध्यापक | व्यवस्थापन (Management) | १ | लिखित र अन्तरवार्ता | रु ८००/ |
| ४ | २५/०८०/०८१ | उप-प्राध्यापक | फार्मास्यूटिक्स (Pharmaceutics) | १ | लिखित र अन्तरवार्ता | रु ८००/ |

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः-**

**उप-प्राध्यापक (सूचना प्रविधि, Information Technology):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट चार वर्षे स्नातक तह IT / ICT / Computer Science / Software or Electronics / Information System विषयमा उत्तिर्ण गरी सम्वन्धित विषयमा दुई वर्षे स्नातकोत्तर वा सो सरहको डीग्री प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ।

**उप-प्राध्यापक-कानुन (Law):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातकोत्तर (LLM) वा सो सरहको डीग्री कम्तीमा द्वितीय श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ।

**उप-प्राध्यापक व्यवस्थापन (Management):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन विषयमा स्नातकोत्तर MBS/MBA/M.Com विषयमा स्नातकोत्तर वा सो सरहको डीग्री प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ।

**उप-प्राध्यापक फार्मास्यूटिक्स (Pharmaceutics)**:- मान्यता प्राप्त शिक्षण संस्थाबाट M. Pharm. (Major: Pharmaceutics/Industrial Pharmacy/Pharmaceutical Engineering) वा सो सरहको डीग्री प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने छ।

**उमेरको हदः-** ५५ वर्ष ननाघेको हुनुपर्ने छ।

**आवेदन फाराम पाइने स्थानः-** गण्डकी विश्वविद्यालयको कार्यालय, मुस्ताङ्गचोक, पोखरा।

पुनश्चः (१) व्यवसायी परिषद (Council) मा दर्ता गराउनु पर्ने विषयहरुको लागि अनिवार्य रुपमा सम्बन्धित व्यवसायी परिषदमा दर्ता गरेको हुनु पर्नेछ। सम्बन्धित व्यवसायी परिषदमा नाम दर्ता (रजिष्ट्रेशन) भएका आवेदकले सम्बन्धित संस्थावाट प्राप्त रजिष्ट्रेशन नम्बर उल्लेख भएको प्रमाणपत्र फारम साथै पेश गर्नुपर्नेछ।
(२) संलग्न कागजात मध्ये विदेशी विश्वविद्यालयमा अध्ययन गरी प्राप्त डीग्रीको हकमा समकक्षताको प्रमाण-पत्र अनिवार्य पेश गर्नुपर्ने छ। विस्तृत जानकारीको लागि www.gandakiuniversity.edu.np Phone No: 061-460249, 460250, 450251 मा सम्पर्क गर्न सकिनेछ ।

**लिखित परीक्षा हुने पदहरुको पाठ्यक्रम (Syllabus) विश्वविद्यालयको वेबसाइट बाट डाउनलोड गर्न सकिनेछ। परीक्षा सम्वन्धी सूचना पछि प्रकाशन गरिने छ। परीक्षा सम्वन्धी सम्पूर्ण अधिकार गण्डकी विश्वविद्यालय जनशक्ति व्यवस्थापन समितिमा निहित रहनेछ।**

**अध्यक्ष**
**जनशक्ति व्यवस्थापन समिति**
**गण्डकी विश्वविद्यालय पोखरा**